尼泊爾文版 Nepali Version

VOL. 72

बृहत्-भार-सार्ने मेसिन परिचालन गर्दा हतार नगर्नुहोस्; सुरक्षित परिचालन नै सर्वोच्च प्राथमिकता हो ।

工作安全健康 Safety at work

1.



बृहत्-भार-सार्ने मेसिनका परिचालकहरू कम्तीमा 18 वर्ष उमेर पुगेका हुनुपर्छ र सम्बन्धित श्रेणीको बृहत्-भार-सार्ने मेसिन परिचालन गर्नका निम्ति उहाँहरू मध्ये हरेकसँग मान्य प्रमाणपत्र हुनुपर्छ ।

2.



खस्ने जोखिम कम गर्नका निम्ति, मेसिन परिचालन गर्दाखेरि भीरहरूका किनारहरू, गहिरा खाल्डा वा ठूला प्वालहरू नजिक जाने व्यवहार पन्छ्याउनुहोस् ।

3.



सम्भव भएसम्म भीरहरूमा बृहत्-भार-सार्ने मेसिन चलाउने कार्य पन्छ्याउनुहोस् । बृहत्-भार-सार्ने मसिनलाई उकालोमा चढाउनु अपरिहार्य भएमा, सोझै उकालोतिर मसिनलाई लैजाने कार्य कदापि न गर्नुहोस्, नत्र मेसिन सजिलै चिप्लिएर तल खस्न वा पल्टिन सक्छ !

4.




तीव्रकोणका भीरहरूमा मेसिन परिचालन गर्नु आवश्यक भएमा, पहिले मेसिनलाई चलाउन पाउने भीरहरूको अधिकतम कोण जाँच्नुहोस् । सबैभन्दा उपयुक्त गियर-विस्तार चयन गर्नुहोस्—यदि बृहत्-भार-सार्ने मेसिनमा गियर-लीवर (उत्तालकयन्त्र) छ भने, इन्जिनको पर्याप्त शक्ति हुने र चलायमान भएको अवस्थामा इन्जिनको ब्रेक काम गर्ने कुरा सुनिश्चित गर्न, कम परिमाणको गियर छान्नुहोस् ।


चलायमान मेसिनरीको निगरानीका लागि प्राविधिक उपकरणहरू उपयोग गर्नुहोस् । तोकिएको क्षेत्रभन्दा बाहिर उपकरण गएमा, वा कुनै श्रमिक अचानक जोखिमपूर्ण क्षेत्रमा प्रवेश भएमा, दुर्घटना रोक्नका लागि अलार्म बज्ने व्यवस्था स्थापित राख्नुहोस् !

5.

कुनै श्रमिक जोखिम क्षेत्रभित्र प्रवेश गर्दा अलार्म बज्ने व्यवस्था स्थापित राख्नुहोस्




कुनै श्रमिक चलिरहेको मेसिन नजिक पुग्दा अलार्म बज्ने व्यवस्था स्थापित राख्नुहोस्




6.

यसका अतिरिक्त, परिचालक अनुभवी भए तापनि, यदि उहाँको दृष्टिक्षेत्रमा अवरोध आउँछ भने, मार्गदर्शनका लागि हातका सङ्केत दिने सिग्नलर (सङ्केतक) अनिवार्य रूपमा नियुक्त गर्नुहोस् !



7.

काम समाप्त भएपछि, मेसिनलाई ठोस, समथर सतह भएको निर्धारित पार्किङ क्षेत्रमा राख्नुहोस् । त्यसका सबै संलग्न उपकरणहरू (बाल्टिन आदि) भुइँमा झार्नुहोस्, ह्यान्डब्रेक लगाउनुहोस्, इन्धन जलाउने कुञ्जी निकाल्नुहोस्, अनि ढोकालाई बन्द गरेर ताला लगाउनुहोस् । यसले सुरक्षा र मानसिक शान्ति सुनिश्चित गर्छ !



व्यावसायिक सुरक्षा र स्वास्थ्य परिषद

श्रम विभाग

श्रम विभाग
ऑनलाइन OSH (व्यावसायिक सुरक्षा र स्वास्थ्य) उजुरी प्लेटफार्म
www.labour.gov.hk
OSH उजुरी हटलाइन
2542 2172

"OSH 2.0" Mobile App